वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १७८ | २०८३ कात्तिक १९ गते विहीबार, नेपाल सम्वत् ११४६ November 05, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने अभियान : तनहुँको ऋषिङ गाउँपालिका-५ को राम्जाकोट स्वास्थ्य चौकी सेवा क्षेत्रका बालबालिकालाई राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि खुवाउँदै स्वास्थ्य स्वयंसेवीका । स्वास्थ्य चौकीले कात्तिक १७ र १८ गते सञ्चालन गरेको अभियानअन्तर्गत ६ देखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल तथा जुकाको औषधि खुवाइएको छ। बालबालिकाको स्वास्थ्य, पोषण तथा उचित वृद्धि विकासमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालित अभियान सफल बनाउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सहयोगी निकाय, अभिभावक तथा सरोकारवाला सक्रिय सहभागिता रहेको थियो । *तस्विर : भञ्ज्याङ*

तनहुँ जलविद्युत् आयोजनाका प्रभावितलाई व्यावसायिक बाख्रापालन तालिम

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँ जलविद्युत् आयोजनाले प्रभावित परिवारको आयआर्जन क्षमता अभिवृद्धि गरी दिगो जीविकोपार्जनका अवसर सिर्जना गर्ने उद्देश्यले व्यावसायिक बाख्रापालन तथा वित्तीय साक्षरतासम्बन्धी तालिम सञ्चालन गरेको छ । आयोजनाको जीविकोपार्जन पुनर्स्थापना योजनाअन्तर्गत व्यास र भिमाद नगरपालिका तथा म्याग्दे र ऋषिङ गाउँपालिकाका २२ जनालाई तालिम प्रदान गरिएको हो । व्यावसायिक बाख्रापालन तथा जीवनोपयोगी सीप र वित्तीय साक्षरतासम्बन्धी तालिम सञ्चालन गरिएको थियो ।



भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँसँगको सहकार्यमा सञ्चालित तालिममा बाख्रापालनको व्यावसायिक व्यवस्थापन, पशु स्वास्थ्य तथा हेरचाह, आयआर्जनका सम्भावना र वित्तीय व्यवस्थापनबारे प्रशिक्षण दिइएको थियो ।

बुधबार आयोजित समापन कार्यक्रममा सहभागीलाई प्रमाणपत्रसँगै बाख्रापालनका लागि आवश्यक उपकरण तथा सामग्री वितरण गरिएको थियो । परम्परागत रूपमा बाख्रापालन गर्दै आएका सहभागीले तालिमबाट व्यवसायलाई व्यवस्थित र व्यावसायिक रूपमा सञ्चालन गर्न आवश्यक ज्ञान तथा सीप हासिल भएको बताएका थिए।

आयोजनाले प्रभावित परिवारको जीविकोपार्जन पुनर्स्थापना तथा सामुदायिक विकासअन्तर्गत हालसम्म ३८ वटा कार्यक्रम सञ्चालन गरिसकेको छ । ती कार्यक्रमबाट ४०१ महिलासहित ७७६ जना लाभान्वित भएका छन्।

आयोजनाले यसअघि इलेक्ट्रिसियन, प्लम्बिङ, सिलाइकटाइ, मौरीपालन, बाख्रापालन, बंगुरपालन, तरकारी खेती, निर्वाहमुखी कृषि तथा हलुका सवारी चालकसम्बन्धी सीप विकास तालिम सञ्चालन गरिसकेको छ। प्रभावित परिवारको सीप विकास, आयआर्जनका अवसर विस्तार, वित्तीय साक्षरता र उद्यमशीलता प्रवर्द्धनमार्फत आर्थिक आत्मनिर्भरता बढाउने कार्यक्रमलाई निरन्तरता दिइएको आयोजनाले जनाएको छ।

सरकार विपक्षीको चरित्रहत्या गर्न राज्य संयन्त्र दुरूपयोग गर्दैछ : शर्मा

कांग्रेसको आरोप- प्रहरी हिरासतको अडियो नियोजित रूपमा सार्वजनिक, प्रेस स्वतन्त्रतामाथि पनि दबाब

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेपाली कांग्रेसले सरकारमाथि विपक्षी दललाई कमजोर बनाउन राज्य संयन्त्रको दुरूपयोग गरेको आरोप लगाएको छ । कांग्रेस वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले सरकार आफ्ना कमजोरी र विरोधाभास ढाकछोप गर्न नियोजित रूपमा विपक्षीविरूद्ध भ्रम फैलाउने र चरित्रहत्या गर्ने अभियानमा लागेको दाबी गरेका छन् ।

बुधबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा शर्माले प्रहरी हिरासतमा रहेका व्यक्तिको बयानसम्बन्धी अडियो सार्वजनिक भएको घटनामाथि प्रश्न उठाए । प्रहरीको नियन्त्रणमा रहेको व्यक्तिको मोबाइलबाट प्राप्त सामग्री प्रधानमन्त्रीको सल्लाहकार समूहसम्म पुगेको विषय सार्वजनिक हुनुले राज्य संयन्त्रको प्रयोगमाथि गम्भीर आशंका पैदा गरेको उनको भनाइ थियो ।

कांग्रेसको विशेष महाधिवेशन र १५औं महाधिवेशनमा आर्थिक चलखेल भएको भन्दै बाहिर ल्याइएका विषयलाई उनले सरकारको प्रायोजित प्रचारको संज्ञा दिए । पार्टी नेतृत्वमाथि उठेका प्रश्नको सामना गर्न कांग्रेस तयार रहेको उल्लेख गर्दै उनले निष्पक्ष, विधिसम्मत र विश्वसनीय अनुसन्धानबाट मात्रै सत्यतथ्य स्थापित हुनुपर्ने बताए ।



सरकार र सत्तारूढ दलका अभिव्यक्तिमै एकरूपता नरहेको भन्दै शर्माले सत्तापक्षभित्रै विरोधाभास देखिएको टिप्पणी गरे । उनका अनुसार सरकार र पार्टीले एकअर्कामाथि जिम्मेवारी पन्छाउने अभिव्यक्ति दिनुले राजनीतिक नियतमाथि प्रश्न उठाएको छ ।

शर्माले कांग्रेसको विशेष महाधिवेशन पार्टी विधान, राजनीतिक दलसम्बन्धी ऐन र संविधानअनुसार सम्पन्न भएको तथा निर्वाचन आयोग र सर्वोच्च अदालतबाट वैधानिकता प्राप्त गरिसकेको जिकिर गरे । सात हजारभन्दा बढी प्रतिनिधि सहभागी १५औं महाधिवेशनलाई विवादित बनाउने प्रयासले संवैधानिक निकायको निर्णयमाथि समेत प्रश्न उठाएको उनको भनाइ थियो ।

यसैगरी, सञ्चारगृहको प्रवेशद्वारमा गाडी तेर्स्याइएको र पार्टी सभापति गगन थापाको निवासअगाडि समेत अज्ञात गाडी राखेर त्रास सिर्जना गर्न खोजिएको घटनाप्रति उनले आपत्ति जनाए । सञ्चारमाध्यमलाई

बाँकी तेश्रो पेजमा

आधुनिक भाँडाकुँडाको बढ्दो प्रयोगले काठका भाँडा बनाउने पेसा संकटमा

भञ्ज्याङ समाचारदाता/गोरखा

कुनै समय गाउँघरका भान्सा र गोठमा काठका भाँडाकुँडाको प्रयोग अनिवार्यजस्तै थियो । दूध, दही, घिउदेखि अन्नपात राख्न ढुङ्ग्रो, ठेकी, हर्पे र मदुस प्रयोग हुन्थे । काठका सामग्री बनाउनेलाई माग धान्नै मुस्किल पर्थ्यो । तर प्लास्टिक, स्टिल र आधुनिक भाँडाकुँडाको प्रयोग बढेसँगै यो परम्परागत पेसा र त्यससँग जोडिएको सिप संकटमा परेको छ ।

गोरखा नगरपालिका-१४, गोप्लिङका राजु चुनार यसको प्रत्यक्ष मारमा छन् । १३ वर्षको उमेरदेखि बुवासँगै काठका भाँडाकुँडा बनाउन सिकेका उनले पुर्ख्यौली पेसालाई अहिलेसम्म निरन्तरता दिइरहेका छन् । तर आफूले मेहनत गरेर बनाएका सामग्री बिक्री नहुँदा पेसा धान्नै कठिन भएको उनको अनुभव छ ।



"पहिले हामीलाई भाँडा पुऱ्याउनै मुस्किल थियो, अहिले बिक्री गर्ने गाह्रो छ", चुनार भन्छन्।

बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

नेपालको पहिचान र सम्भावनाको मेरूदण्ड : पर्यटन

नेपालमा पर्यटन केवल सौन्दर्य अवलोकन वा मनोरञ्जनको साधन होइन, यो देशको इतिहास, संस्कृति, सभ्यता र प्रकृतिसँगको आत्मीय भेटघाट हो। नेपालजस्तो भौगोलिक, भाषिक, जातीय र सांस्कृतिक विविधताले भरिएको मुलुकमा पर्यटनलाई 'देश दर्शनको मूल कुञ्जी' मान्न सकिन्छ । तर, विडम्बना के छ भने, संसारकै अनुपम प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण देश भएर पनि हामी त्यसलाई विश्व बजारमा प्रभावकारी ढंगले प्रस्तुत गर्न सकेका छैनौं। नेपालको पर्यटनको मेरूदण्ड नै प्राकृतिक र सांस्कृतिक सम्पदा हुन्। हिमालको गोदमा अवस्थित नेपालमा आठ हजार मिटरभन्दा माथिका आठ शिखर छन्- जसमा विश्वकै सर्वोच्च सगरमाथादेखि धौलागिरी, अन्नपूर्ण, कञ्चनजंघा, ल्होत्से जस्ता हिमाल पर्यटकहरूको आकर्षणको केन्द्र बनेका छन्। तराईका उर्वर मैदान, पहाडका हरियाली डाँडाकाँडा र हिमालका सेता शिखरहरूले नेपाललाई 'मिनि वर्ल्ड' बनाएका छन्। चितवन, बर्दिया, कोशी टप्पु, शे-फोक्सुण्डो, रारा, गोसाइँकुण्ड, कालीगण्डकी, त्रिशूली जस्ता प्राकृतिक स्थलहरु केवल पर्यटकीय सम्पदा होइनन्, यी नेपाली सांस्कृतिक आस्थासँग गहिरो रूपमा गाँसिएका छन् । नेपालमा सांस्कृतिक पर्यटनको सम्भावना पनि त्यत्तिकै विशाल छ । काठमाडौं उपत्यकाका सात यूनेस्को विश्व सम्पदा क्षेत्र, लुम्बिनीको शान्ति क्षेत्र, जनकपुरधाम, मुक्तिनाथ, पशुपतिनाथ, स्वयम्भू, गुह्येश्वरी र हलेसी महादेवजस्ता धार्मिक स्थलहरूले आस्था, दर्शन र पर्यटनलाई एउटै सूत्रमा बाँधेका छन्। यी सम्पदाले नेपाललाई विश्वका धार्मिक र सांस्कृतिक यात्रुहरूको प्रमुख गन्तव्य बनाउन सक्छन्। तर, त्यहाँ पुग्ने बाटोदेखि सूचना, प्रचार र पहुँचका पूर्वाधार अझै सन्तोषजनक छैनन् । पछिल्ला वर्षमा ग्रामीण, साहसिक, पर्यावरणीय (इको-टुरिज्म), स्वास्थ्य तथा सांस्कृतिक पर्यटनजस्ता नयाँ अवधारणाहरूको चर्चा बढ्दै गएको छ। तर, यी सम्भावनालाई नीति-स्तरमा रूपान्तरण गर्न राज्य गम्भीर छैन। अनियन्त्रित शहरीकरण, वातावरण प्रदूषण, ऐतिहासिक स्थलहरूको क्षति र संरक्षणमा कमजोरीले पर्यटनका मेरूदण्डीय स्रोतहरु नै कमजोर बनाइरहेका छन्।

नेपाललाई विश्वको आकर्षक, सुरक्षित र दिगो पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न अब आक्रामक अभियान आवश्यक छ। पहिचान भएका गन्तव्यहरूको पूर्वाधार विकास, नयाँ पर्यटकीय स्थलहरूको पहिचान र प्रवर्द्धन, सडक, आवास, होमस्टे र स्वच्छ वातावरणको सुनिश्चितता- यी सबै अब प्राथमिकतामा पर्नुपर्छ। पर्यटन भनेको केवल होटल र गाइड व्यवसाय होइन; यो देशको सम्पूर्ण छवि र अर्थतन्त्रको आधार हो। पर्यटनसँग शिक्षा र अनुसन्धान पनि जोडिएका छन्। नेपालमा आउने धेरै विदेशी पर्यटक केवल घुम्न होइन, अध्ययन गर्न, संस्कृतिको अध्ययन, पर्यावरण र भूगोलको अनुसन्धानका लागि पनि आउँछन्। उनीहरु नेपाललाई "खुला विश्वविद्यालय" का रूपमा हेर्छन्, जहाँ प्रकृति, संस्कृति र मानवीय सहअस्तित्वको अध्ययन गर्न पाइन्छ। वास्तवमा, पर्यटन नै ज्ञान, खोज र अनुभवको माध्यम हो। यसले मानिसलाई पुस्तकभन्दा गहिरो शिक्षाको अनुभव दिन्छ- जीवन र जगत बुझ्ने दृष्टि प्रदान गर्छ । तर, यथार्थ यति सहज छैन। विश्वका कतिपय देशहरूले कृत्रिम सौन्दर्य निर्माण गरेर पर्यटक तानेका छन्, तर नेपालजस्तो स्वाभाविक सौन्दर्य र विविधता भएको देशमा पर्यटक आकर्षण अझै सीमित छ। यसको मूल कारण- रणनीतिक दृष्टिकोणको कमी, लगानीको न्यूनता र पूर्वाधारको अभाव हो। नेपालको पर्यटकीय सम्पदामा पर्याप्त लगानी नभएकोले संरक्षण र व्यवस्थापन चुनौती बनेको छ। अब नेपालमा पर्यटनलाई साँचो अर्थमा राष्ट्रिय अभियान बनाउन सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीच समन्वय अपरिहार्य छ। निजी क्षेत्रको लगानी र व्यवस्थापन क्षमतालाई राज्यले सहयोगात्मक नीति मार्फत सघाउनुपर्छ। विशेष गरी ग्रामीण पर्यटन, कृषि पर्यटन, जलयात्रा, साहसिक पर्यटन र धार्मिक पर्यटनजस्ता क्षेत्रमा लगानी बढाउने हो भने पर्यटनले गाउँगाउँमा रोजगारी र आयका नयाँ स्रोत सिर्जना गर्न सक्छ ।

पर्यटनको विकासले केवल अर्थतन्त्र बलियो बनाउँदैन; यो राष्ट्रिय पहिचान र आत्मगौरवसँग पनि जोडिएको विषय हो। नेपाल बौद्ध धर्मका अनुयायीहरूका लागि लुम्बिनी, हिन्दू धर्मका भक्तका लागि पशुपतिनाथ, र प्रकृतिप्रेमीका लागि सगरमाथा र अन्नपूर्णको देश हो। त्यसैले नेपाललाई विश्वको साझा सांस्कृतिक तीर्थका रूपमा स्थापित गर्न सकिन्छ। आज संसारमा जब प्राकृतिक र सांस्कृतिक सम्पदा दुवै जोखिममा छन्, नेपालले आफ्ना यी दुई धरोहरको संरक्षण गरेर विश्वलाई दिगो पर्यटनको पाठ पढाउने अवसर पाएको छ। तर, त्यो अवसर गुम्ने खतरा पनि उत्तिकै छ- यदि हामीले अब तत्काल ध्यान नदिएमा । पर्यटन नेपालका लागि केवल आर्थिक माध्यम होइन, राष्ट्रिय पहिचान र सभ्यताको प्रतीक हो। त्यसैले पर्यटनलाई 'आर्थिक मेरूदण्ड' होइन, 'राष्ट्रिय गौरवको मेरूदण्ड' का रूपमा हेरिनुपर्छ। सरकारको प्राथमिकता योजनामा पर्यटनलाई विकासको केन्द्रमा राखी, स्थानीय तहसम्मको सहभागिता र अन्तर्राष्ट्रिय सहयोगमार्फत दिगो, समावेशी र आत्मनिर्भर पर्यटन नीति लागू गर्न जरूरी छ। नेपाललाई चिनाउने र नेपालीलाई गर्व दिलाउने सबैभन्दा प्रभावकारी बाटो पर्यटन हो- अब प्रश्न केवल यो हो, हामी त्यसको वास्तविक मूल्य कहिले बुझ्ने ?

वैज्ञानिक र नवप्रवर्तकहरूलाई स्थान नदिने देश सफलताको खुड्किलो कसरी चढ्ला ?

नेपालमा विज्ञान र प्रविधिको विकासबारे चर्चा हुँदा हामी प्रायः अनुसन्धान बजेट, प्रयोगशाला, कृत्रिम बुद्धिमत्ता, नवप्रवर्तन, स्टार्टअप वा नयाँ प्रविधिको कुरा गर्छौं । तर एउटा आधारभूत प्रश्न अझै स्पष्ट रूपमा उठ्न सकेको छैन, विज्ञान प्रविधि पढेका जनशक्तिलाई राज्य संरचनाले कहाँ राख्छ? भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, सूक्ष्मजीव विज्ञान, जैविक प्रविधि, भूगर्भशास्त्र, वातावरण विज्ञानजस्ता विषय पढेका युवाले नेपालमै बसेर आफ्नो विषयसँग मिल्दो सरकारी सेवामा प्रवेश गर्न चाह्यो भने उसको स्पष्ट बाटो के हो ?

केही महिनाअघि यो प्रश्नको उत्तर खोज्ने प्रयास सुरु भएको थियो ।

गत जेठ महिनामा महावीर पुनले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको जिम्मेवारी सम्हाले । त्यसको केही समयपछि उनले निजामती सेवा ऐन र नियमावली संशोधनका क्रममा छुट्टै 'विज्ञान प्रविधि सेवा' थप्ने विषयमा छलफल



भइरहेको जानकारी सार्वजनिक गरे । उनले प्रस्तावित सेवाभित्र कुन-कुन विषय समेट्न सकिन्छ भन्ने विस्तृत सूची नै सार्वजनिक गरे र विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता तथा सरोकारवालासँग सुझाव मागे । त्यो सूची हेर्दा प्रस्तावको दायरा निकै फराकिलो थियो ।

साधारण विज्ञानतर्फ भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, वातावरण विज्ञान, भूगर्भशास्त्र, मौसम विज्ञान, पदार्थ विज्ञान, जलवायु विज्ञान र पृथ्वी विज्ञान समेटिएका थिए । अन्तरिक्षसम्बन्धी क्षेत्रमा अन्तरिक्ष प्रविधि, एयरोस्पेस इन्जिनियरिङ र खगोल विज्ञान थिए । प्रयोगात्मक तथा व्यावहारिक प्रविधितर्फ जैविक प्रविधि, सूक्ष्मजीव विज्ञान, रोबोटिक्स, नानो प्रविधि, जेनेटिक इन्जिनियरिङ, बायोमेडिकल इन्जिनियरिङ, वातावरण इन्जिनियरिङ, नवीकरणीय ऊर्जा, आणविक विज्ञान तथा प्रविधि, औद्योगिक रसायन, कम्प्युटर विज्ञान तथा सूचना प्रविधि समेटिएका थिए । भविष्यका प्रविधितर्फ फरेन्सिक विज्ञान, प्राकृतिक विपद् अध्ययन, सेमिकन्डक्टर प्रविधि, मेसिन लर्निङ, ठूलो तथ्याङ्क विश्लेषण, वस्तुहरूको अन्तरसञ्जाल, स्वचालन, चिप डिजाइन, ड्रोन प्रविधि, हरित प्रविधि, पेटेन्ट व्यवस्थापन र कृत्रिम बुद्धिमत्तासम्म समावेश गरिएका थिए ।

अर्थात् प्रस्ताव केवल सूचना प्रविधिमा सीमित थिएन । आधारभूत विज्ञानदेखि अन्तरिक्ष विज्ञान र नयाँ पुस्ताका प्रविधिसम्मलाई एउटै व्यापक सेवा संरचनाभित्र समेट्ने सोच अघि बढाइएको थियो । यसैले विज्ञान पढ्ने विद्यार्थी र अनुसन्धानकर्तामा अपेक्षा बढ्नु स्वाभाविक थियो । निजामती सेवामा हालसम्मको व्यवस्थाअनुसार इन्जिनियरिङ अध्ययन गरेका विद्यार्थीका लागि नेपाल इन्जिनियरिङ सेवा, कृषि अध्ययन गर्नेका लागि नेपाल कृषि सेवा र वनसम्बन्धी अध्ययन गर्नेका लागि नेपाल वन सेवा छ। यसका साथै अन्य अप्राविधिक विषयहरूका लागि आ-आफ्नै सेवा समूहहरु रहेका छन् । तर विज्ञानका प्रमुख विषयलाई समेट्ने गरी पर्याप्त सरकारी पद वा स्पष्ट वृत्तिविकास संरचना देखिँदैन ।

यो समस्या कति ठूलो छ भन्ने बुझ्न विश्वविद्यालय अनुदान आयोगको २०२३/२४ को तथ्याङ्क हेर्न सकिन्छ । आयोगको प्रतिवेदनअनुसार नेपालका उच्च शैक्षिक संस्थामा कुल ६ लाख ३३ हजार ५३ विद्यार्थी अध्ययनरत थिए । तीमध्ये विज्ञान तथा प्रविधिमा ४३ हजार ८८६, इन्जिनियरिङमा ३३ हजार ४७४, चिकित्सा विषयमा ३१ हजार २८८, कृषिमा ५ हजार ६२० र वनविज्ञानमा १ हजार ७१९ विद्यार्थी थिए ।

अर्थात् विज्ञान तथा प्रविधि र त्यससँग सम्बन्धित प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीको संख्या सानो छैन । हरेक वर्ष हजारौं विद्यार्थी यी विषयमा प्रवेश गरिरहेका छन् । तर प्रश्न उनीहरूले अध्ययन गर्ने अवसर पाए कि पाएनन् भन्ने मात्र होइन, अध्ययनपछि उनीहरूको करिअर कहाँ छ ?

इन्जिनियरिङ, चिकित्सा, कृषि, वनजस्ता क्षेत्रमा विषयगत सेवा तथा संस्थागत अवसरको तुलनात्मक रूपमा स्पष्ट संरचना देखिन्छ । तर भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, सूक्ष्मजीव विज्ञान, पदार्थ विज्ञान वा वातावरण विज्ञानजस्ता विषय अध्ययन गर्ने विद्यार्थीका लागि अध्ययनपछि सरकारी अनुसन्धान, प्रयोगशाला, वैज्ञानिक सेवा वा विषयगत वृत्तिविकासको व्यवस्थित बाटो अझै स्पष्ट छैन । विश्वविद्यालयमा विज्ञान पढाउने तर अध्ययनपछि त्यही ज्ञान र सीप प्रयोग गर्ने संस्थागत संरचना पर्याप्त नबनाउने हो भने हामीले उत्पादन गरिरहेको जनशक्तिको ठूलो हिस्सा आफ्नो विशेषज्ञताभन्दा बाहिर जाने वा पलायन हुन बाध्य हुन सक्छ ।

यसैकारण विज्ञान तथा प्रविधि पढ्ने विद्यार्थीको संख्या र उनीहरूका लागि उपलब्ध करिअर अवसरबीचको अन्तरबारे गम्भीर बहस आवश्यक छ । राज्यले विज्ञान तथा प्रविधिमा जनशक्ति उत्पादन गर्न विश्वविद्यालयमा लगानी गर्छ भने त्यस जनशक्तिको ज्ञान देशको अनुसन्धान, प्रयोगशाला, उद्योग र सार्वजनिक सेवामा प्रयोग हुने वातावरण निर्माण गर्ने जिम्मेवारी पनि राज्यकै हो ।

विशेषगरी भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, वातावरण विज्ञान, सूक्ष्मजीव विज्ञान र जैविक प्रविधिजस्ता विषय अध्ययन गरेका विद्यार्थीले आफ्नो शैक्षिक विशेषज्ञतासँग प्रत्यक्ष मेल खाने सरकारी सेवा खोज्दा उत्तर अझै अन्योलपूर्ण छ । यही कारण निजामती सेवामा 'विज्ञान प्रविधि सेवा' को प्रस्ताव महत्त्वपूर्ण थियो । यसले छरिएर रहेका वा अत्यन्त सीमित अवसरलाई व्यवस्थित, व्यापक र विषयगत रूपमा स्पष्ट सरकारी सेवा संरचनामा रूपान्तरण गर्न सक्थ्यो । तर अहिले प्रश्न उठेको छ, त्यो प्रस्ताव कहाँ पुग्यो ?

विधेयकमा विज्ञान प्रविधि सेवा देखिएन

हालै मात्र सरकारले संघीय निजामती सेवा विधेयक प्रतिनिधिसभामा दर्ता गरेको छ । यो अहिले पनि विधेयककै चरणमा छ; ऐन बनिसकेको छैन । विधेयकको परिच्छेद २ अन्तर्गत संघीय निजामती सेवाको गठनमा दफा ५ अनुसार आर्थिक योजना तथा तथ्याङ्क, इन्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, विविध, शिक्षा र सूचना प्रविधि गरी ११ वटा सेवा प्रस्ताव गरिएका छन् । तर उक्त विधेयकमा 'विज्ञान प्रविधि सेवा' समावेश भएको देखिँदैन । पुरानो निजामती सेवा ऐन, २०४९ मा पनि छुट्टै विज्ञान प्रविधि सेवा थिएन ।

नयाँ विधेयकमा सूचना प्रविधिलाई छुट्टै सेवा बनाइएको छ । यो स्वागतयोग्य कदम हो। सरकारी सेवा क्रमशः डिजिटल हुँदै गएको अहिलेको अवस्थामा सूचना

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। मान-सम्मान पनि प्राप्त हुनेछ।

वृष
श्रमको उचित मूल्य पाइनेछ। मिहिनेत गर्दा समयमै काम बनाउन सकिनेछ। विभिन्न अवसर प्राप्त हुनेछ ।

मिथुन
हठ गर्ने बानीले केही दुःख पनि पाइएला। सहयोगीहरूको साथ-सहयोग जुट्नेछ। साथ दिनेहरु बढ्नेछन्।

कर्कट
अरूको विश्वास गर्दा धोका हुन सक्छ। केही सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ।

सिंह
निर्णय लिएर पनि काम नगर्ने बानीले पछि परिनेछ। परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ।

कन्या
अध्ययनशील प्रवृत्तिले फाइदा दिलाउनेछ। बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलामा निखारता आउनेछ।

तुला
लामो यात्राको प्रक्रिया अघि बढ्नेछ। नयाँ काम प्रारम्भ हुनेछ भने मनग्य आम्दानी बढ्नेछ।

वृश्चिक
अध्यात्मभाव जागृत हुनुका साथै परोपकारी काम सम्पादन हुनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ।

धनु
कामका चुनौती पन्छाउन निकै मेहनत गर्नुपर्ला। तत्काल लक्ष्य प्राप्त नभए पनि दीर्घकालीन योजना बन्नेछ।

मकर
सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ। आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्।

कुम्भ
सानातिना काममा अलमलिनाले मुख्य काम रोकिन सक्छ। काममा साथ दिनेहरु बढ्नेछन्।

मीन
नयाँ कामको प्रस्ताव आउनेछ। आयस्रोत बढ्नुका साथै दिगो काममा सम्झौता गर्ने समय छ।

वैज्ञानिक र नवप्रवर्तकहरूलाई .....

प्रविधिको विशिष्ट जनशक्तिका लागि स्पष्ट सेवा संरचना आवश्यक छ। तर, त्यससँगै अर्को प्रश्न पनि उठ्छ, विज्ञान तथा प्रविधिका अन्य विशिष्टीकृत क्षेत्रलाई पनि स्पष्ट स्थान दिन सकिँदैन र ?

भौतिकशास्त्री, रसायनशास्त्री, जीवविज्ञानी, सूक्ष्मजीव वैज्ञानिक, जैविक प्रविधिविज्ञ, पदार्थ वैज्ञानिक वा वातावरण वैज्ञानिकको विशेषज्ञता पनि राज्यका धेरै कामसँग प्रत्यक्ष जोडिएको हुन्छ । पानी र खाद्य पदार्थको गुणस्तर परीक्षण, प्रदूषण नियन्त्रण, खानी तथा खनिज अध्ययन, जलवायु अनुसन्धान, फरेन्सिक परीक्षण, जैविक स्रोत संरक्षण, रोग परीक्षण, नयाँ पदार्थ विकास, नवीकरणीय ऊर्जा, प्राकृतिक विपद् अध्ययन र राष्ट्रिय प्रयोगशाला सञ्चालनजस्ता क्षेत्रमा वैज्ञानिक जनशक्ति चाहिन्छ ।

त्यसैले सूचना प्रविधिले छुट्टै पहिचान पाउनु सकारात्मक सुरूवात भएजस्तै विज्ञान प्रविधिका जनशक्तिले पनि उनीहरूको विषय, विशेषज्ञता र वृत्तिविकासअनुसार स्पष्ट संस्थागत स्थान पाउनुपर्छ। विशिष्टीकृत जनशक्तिका लागि राज्यले आवश्यक ठाने स्पष्ट र अलग सेवा संरचना बनाउन सक्छ भन्ने उदाहरण स्वास्थ्य सेवाको अलग कानुनी संरचनाले पनि देखाउँछ । स्वास्थ्य सेवा प्राविधिक तथा विशिष्टीकृत प्रकृतिको भएकाले छुट्टै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गत सञ्चालन हुँदै आएको छ । विज्ञानका लागि त्यही ढाँचा हुबहु दोहोऱ्याउनुपर्छ भन्ने होइन; तर वैज्ञानिक जनशक्तिको स्थान अस्पष्ट रहनु समाधान होइन ।

नवप्रवर्तनको चर्चा मात्रै पर्याप्त हुँदैन

विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई प्राथमिकता दिनु आवश्यक छ । देशले नयाँ प्रविधि विकास गर्नुपर्छ, स्थानीय समस्याको समाधान खोज्नुपर्छ र अनुसन्धानबाट आर्थिक समृद्धि, उत्पादन तथा उद्योगतर्फ जानुपर्छ। तर मन्त्रालय वा कुनै संस्थाको नाममा 'नवप्रवर्तन' शब्द थप्दैमा नवप्रवर्तनको संस्कृति बन्दैन । वास्तवमै नवप्रवर्तन हावामा आउँदैन, यसको मुख्य जग अनुसन्धान नै हो । अनुसन्धानका लागि प्रयोगशाला, दक्ष जनशक्ति, निरन्तर बजेट, अनुसन्धान अनुदान, अनुसन्धान निकाय, विश्वविद्यालय र उद्योगबीच सहकार्य एवं असफल प्रयोगपछि पनि फेरि प्रयास गर्न सकिने वातावरण चाहिन्छ ।

आज कृत्रिम बुद्धिमत्ता, जैविक प्रविधि, सेमिकन्डक्टर प्रविधि, रोबोटिक्स, नवीकरणीय ऊर्जा वा अन्तरिक्ष प्रविधिको कुरा आकर्षक सुनिन्छ। तर यिनको आधार भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, गणित र पदार्थ विज्ञानजस्ता आधारभूत विषयमै तय भएको हुन्छ । त्यसैले, आधारभूत विज्ञान कमजोर बनाएर कृत्रिम बुद्धिमत्ता, जैविक प्रविधि, नवीकरणीय ऊर्जा वा अन्तरिक्ष विज्ञानमा फड्को मार्न सकिँदैन ।

भर्खरै मात्र मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन अध्यादेश २०८३' जारी गरेका छन् । अन्तर्राष्ट्रिय अभ्यासमा चर्चित 'ट्रिपल हेलिक्स' अवधारणाअनुसार विश्वविद्यालय र अनुसन्धान निकायले ज्ञान र प्रविधि सिर्जना गर्छ, उद्योगले त्यसलाई उत्पादन र बजारमा लैजान्छ र सरकारले नीति, पूर्वाधार तथा लगानीमार्फत सहजीकरण गर्छ । यी तीन पक्ष अलग-अलग बस्तेर नवप्रवर्तन सम्भव हुँदैन । विश्वविद्यालयले उद्योगका समस्या बुझ्ने, उद्योगले अनुसन्धानमा लगानी गर्ने र सरकारले प्रारम्भिक तथा जोखिमपूर्ण अनुसन्धानमा सहयोग गर्ने निरन्तरको चक्र आवश्यक छ। तर, अध्यादेशमा यस सिद्धान्तको मूल मर्मलाई पूर्ण रूपमा आत्मसात् गरिएको देखिँदैन ।

त्यसैले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको सफलताको मापन मन्त्रालयको नाममा 'नवप्रवर्तन' शब्द हुनु मात्र होइन। देशमा कति अनुसन्धान भयो, कति वैज्ञानिकले काम पाए, कति प्रयोगशाला प्रभावकारी रूपमा सञ्चालन भए, कति विद्यार्थी अनुसन्धानमा टिके र कति अनुसन्धानबाट प्रविधि वा समाधान विकास भयो भन्ने प्रश्न बढी महत्त्वपूर्ण छन् । अनुसन्धानलाई 'रिसर्च-पेटेन्ट-प्रोडक्ट' को चक्रतर्फ लैजानुपर्छ । विश्वविद्यालय र प्रयोगशालामा भएका अनुसन्धानमध्ये कति पेटेन्टमा बदलिए, कति प्रविधि उद्योगमा पुगे, कति नयाँ कम्पनी जन्मिए र कति रोजगारी सिर्जना भयो भन्ने आधारमा पनि प्रगति मूल्याङ्कन गर्नुपर्छ ।

प्रतिभा पलायन गराउन खोजिएको हो?

नेपालबाट प्रतिभा पलायनको समस्या केवल सरकारी जागिरको अभावले सिर्जना भएको होइन । उच्च आम्दानी, राम्रो अनुसन्धान पूर्वाधार, गुणस्तरीय विश्वविद्यालय, अन्तर्राष्ट्रिय अवसर, पेसागत सम्मान र भविष्यको सुनिश्चितता जस्ता धेरै कारण पलायनसँग जोडिएका छन्। तर आफ्नो विषय पढिसकेपछि स्वदेशमा त्यससँग मिल्दो काम, अनुसन्धान र वृत्तिविकासको स्पष्ट बाटो नदेखिनु पनि समस्याको महत्त्वपूर्ण हिस्सा हो ।

भौतिकशास्त्रमा स्नातकोत्तर गरेको युवालाई आफ्नो विषयसँग मिल्ने अनुसन्धान वा सरकारी वैज्ञानिक सेवामा प्रवेश गर्ने बाटो देखिँदैन भने ऊ के गर्ने ? जैविक प्रविधि पढेको विद्यार्थीले प्रयोगशाला, अनुसन्धान संस्था वा सार्वजनिक सेवामा स्पष्ट भविष्य नदेखेपछि विदेशको विश्वविद्यालय वा अनुसन्धान संस्था रोज्नु अस्वाभाविक हुँदैन । यही अवस्थाले एउटा असहज प्रश्न जन्माउँछ, के हामी विज्ञान-प्रविधिका प्रतिभालाई अन्ततः विदेशमै आफ्नो भविष्य खोज्न भनिरहेका हौं ?

सरकारले औपचारिक रूपमा कसैलाई विदेश जान भनेको छैन। तर एकातिर 'देशमै नवप्रवर्तन गर' भन्ने र अर्कोतिर वैज्ञानिक जनशक्तिका लागि स्पष्ट पद, अनुसन्धान संस्था र करिअर नबनाउने हो भने युवाले प्राप्त गर्ने व्यावहारिक सन्देश के हुन्छ? प्रतिभा पलायन रोक्न पहिले उसको ज्ञान प्रयोग हुने ठाउँ बनाउनुपर्छ । डिग्री नेपालले दिने, ज्ञान र सीप विदेशले प्रयोग गर्ने चक्रलाई दीर्घकालीन विकासको मोडल मान्न सकिँदैन ।

'छुट्टै सेवा' मात्र अन्तिम समाधान होइन

निजामती सेवामा विज्ञान प्रविधि सेवा गठन भयो भने मात्रै नेपालमा विज्ञानका सबै समस्या समाधान हुन्छन् भन्ने होइन । देशमा रहेका अनुसन्धान संस्थालाई बलियो बनाउनुपर्छ, वैज्ञानिक पद सिर्जना गर्नुपर्छ र प्रयोगशालाको अवस्था सुधार्नुपर्छ । अनुसन्धानका लागि नियमित बजेट चाहिन्छ । अनुसन्धान निकाय, विश्वविद्यालय, सरकार र उद्योगबीच सहकार्य आवश्यक छ ।

वैज्ञानिक जनशक्तिको नियुक्ति, मूल्याङ्कन र वृत्तिविकासको स्पष्ट व्यवस्था चाहिन्छ । विज्ञान प्रविधि सेवा बनाउने, हालका सेवाभित्र वैज्ञानिक समूह तथा उपसमूह बनाउने वा अनुसन्धानमुखी छुट्टै संरचना विकास गर्ने कुन मोडल उपयुक्त हुन्छ भन्नेबारे विस्तृत छलफल गर्न सकिन्छ । तर वैज्ञानिक जनशक्तिको स्थान नै अस्पष्ट रहिरहनु समाधान भने पक्कै होइन।

अनुसन्धान सञ्चालनमा वैज्ञानिक स्वायत्तताको प्रश्न पनि महत्त्वपूर्ण छ। अनुसन्धान सहजीकरण, अनुदान र प्रविधि विकास गर्ने निकाय अत्यधिक प्रशासनिक नियन्त्रणमा परे निर्णय प्रक्रिया सुस्त हुन सक्छ । मन्त्रालयले नीति, बजेट र सार्वजनिक जवाफदेहिताको भूमिका खेल्ने, तर अनुसन्धानका वैज्ञानिक निर्णय विज्ञ र अनुसन्धानकर्ताको नेतृत्वमा हुने संरचना बढी प्रभावकारी हुन सक्छ ।

यसैकारण अहिले सरकार र नयाँ मन्त्रालयसँग केही प्रस्ट प्रश्न सोध्न जरूरी छ । असारमा अघि सारिएको विज्ञान प्रविधि सेवाको प्रस्ताव अहिले कुन अवस्थामा छ? विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबीच यस विषयमा के छलफल भयो ? यदि छुट्टै सेवा आवश्यक ठानिएन भने भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, सूक्ष्मजीव विज्ञान, जैविक प्रविधि, पदार्थ विज्ञान लगायतका जनशक्तिका लागि विकल्प के हो ?

भौतिकशास्त्रदेखि कृत्रिम बुद्धिमत्तासम्मका विषयको सूची बनाएर सार्वजनिक सुझावसमेत मागिएको प्रस्ताव केही महिनापछि संसद्मा पुगेको मूल विधेयकमा नामसमेत नदेखिनुको कारण के हो? यसको स्पष्ट जवाफ आवश्यक छ ।

अन्ततः सकारात्मक पक्ष के हो भने संघीय निजामती सेवा विधेयक अझै ऐन बनिसकेको छैन; त्यसैले विज्ञान प्रविधिका जनशक्तिको संस्थागत भविष्यबारे पुनर्विचार र संशोधनको ठाउँ बाँकी नै छ । अब सरकारले केही महिनाअघि प्रस्तावित 'विज्ञान प्रविधि सेवा' को अवस्था स्पष्ट गर्दै विज्ञान पढ्ने युवाका लागि सेवा, पद, अनुसन्धान र वृत्तिविकासको सुनिश्चित बाटो तय गर्नुपर्छ ।

त्यसैले अनुसन्धान र प्रविधिलाई नतिजामुखी बनाउन विशेषज्ञ वैज्ञानिकको नेतृत्वमा स्वायत्त 'कोष' र 'केन्द्र' निर्माण, विश्वविद्यालय, अनुसन्धान निकाय, उद्योग र सरकारबीच प्रभावकारी सहकार्य र अनुसन्धान पेटेन्ट एवं उत्पादनको चक्रलाई संस्थागत गर्न आवश्यक छ। योग्य जनशक्तिका लागि अवसरको ढोका बन्द गरेर उनीहरूलाई विदेशिन बाध्य बनाउने कुनै अघोषित नीति राज्यको हुन सक्दैन ।

नेपालले विज्ञान पढ्ने युवालाई देशमै अनुसन्धान गर्ने, प्रविधि विकास गर्ने र आफ्नो भविष्य निर्माण गर्ने विश्वास दिन सक्नुपर्छ। वैज्ञानिक र नवप्रवर्तकहरूलाई स्थान नदिने देशले सफलताको खुड्किलो कसरी चढ्ला ? त्यसैले 'विज्ञान प्रविधि सेवा' विधेयकमा पुग्दा कहाँ हरायो भन्ने प्रश्नको वास्तविक उत्तर त्यतिबेला मात्र भेटिनेछ, जब विज्ञान तथा प्रविधिलाई मन्त्रालयको नाममा होइन, राज्यको विकास प्रणालीमै स्थान दिइनेछ । रातोपाटीबाट

(लेखक सुवेदी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का वैज्ञानिक सहायक एवं भौतिकशास्त्री हुन् ।)

सरकार विपक्षीको .....

दबाबमा राखेर र विपक्षीलाई तर्साएर लोकतन्त्र बलियो हुन नसक्ने भन्दै उनले प्रेस स्वतन्त्रताको सम्मान गर्न सरकारलाई आग्रह गरे ।

जर्मन पास्टर मार्टिन निमोलरको चर्चित भनाइ स्मरण गराउँदै उनले पत्रकारहरूको सुरक्षा र निर्भयतापूर्वक समाचार लेख्न पाउने वातावरणमाथि पनि प्रश्न उठाए । लोकतन्त्रको मूल्याङ्कन निर्वाचनबाट मात्रै नभई प्रेसले कति स्वतन्त्रतापूर्वक काम गर्न पाउँछ भन्ने आधारमा पनि हुनुपर्ने उनले बताए ।

देश बाढीपहिरोको विपद्बाट गुज्रिरहेका बेला सरकारको प्राथमिकता राहत, पुनर्स्थापना र पुनर्निर्माण हुनुपर्ने शर्माको भनाइ थियो। विपद्मा एक हजार चार सयभन्दा बढी नागरिकले ज्यान गुमाएको उल्लेख गर्दै उनले बाढीपीडितलाई दिने भनिएको मासिक १५ हजार रूपैयाँ आवास सहायता अझै उपलब्ध हुन नसकेको विषय उठाए । जलवायु परिवर्तन र हिमाल पग्लिने समस्याबारे राष्ट्रिय बहस गर्नुपर्ने समयमा सरकार राजनीतिक गतिविधि र विपक्षीविरूद्ध प्रचारमा केन्द्रित भएको उनले आरोप लगाए।

कांग्रेस जिम्मेवार र रचनात्मक प्रतिपक्षको भूमिकामा रहने स्पष्ट पार्दै शर्माले सरकारलाई पाँच वर्ष काम गर्ने वातावरण बनाउन आफूहरु तयार रहेको बताए । तर सरकारका गलत कामकारबाही र अधिनायकवादी शैलीविरूद्ध भने पार्टीले निरन्तर आवाज उठाउने उनको चेतावनी थियो।

आधुनिक भाँडाकुँडाको .....

घरनजिकैको अकला मन्दिर छेउमा बसेर काठका सामग्री बनाउने उनलाई पहिले मन्दिर दर्शन गर्न आउने भक्तजनले पनि सामान किनेर लैजान्थे । गोरखाँसँगै तनहुँ, कास्की, चितवन र धादिङसम्म उनका उत्पादन पुग्थे । अहिले भने व्यापार निरन्तर खस्किएको छ ।

चुनारले काठबाट ठेकी, गिलास, माना, पाथी, पुङ, पुचै, फूलदानी, ओखल, अचानो र कचौरालगायतका सामग्री बनाउँछन् । काठको छनोटदेखि त्यसलाई आवश्यक आकारमा कुँदेर तयार पार्नेसम्म विशेष सिप र समय लाग्छ । तर यति मेहनत गरेर बनाएका सामग्रीले बजार नपाउँदा उनको श्रमको उचित मूल्यसमेत पाउन सकेका छैनन् ।

उनका अनुसार पछिल्ला वर्षमा काठका सामग्री बिक्रीबाट वार्षिक बढीमा दुई लाख रूपैयाँसम्म आम्दानी हुने गरेको छ । यो आम्दानीले परिवारको खर्च धान्नसमेत कठिन छ । "बिक्री घट्दै जाँदा पेसाबाट हुने आम्दानीले घरखर्च चलाउन मुस्किल भएको छ । सिप जोगाउने कि पेसा छोड्ने भन्ने दोधारमा छु," उनले भने ।

काठका भाँडाको माग घट्नुमा आधुनिक सामग्रीको सहज उपलब्धता र प्रयोग मुख्य कारण बनेको स्थानीयको बुझाइ छ । अकला मन्दिरका पुजारी नरबहादुर नहर्कीका अनुसार आधुनिक भाँडाकुँडाको प्रयोग बढेसँगै काठका सामग्रीको उपयोग र तिनलाई बनाउने परम्परागत कला पनि हराउँदै गएको छ ।

स्थानीय गोपाल थापा सस्तो र सहजै उपलब्ध हुने आधुनिक सामग्रीका कारण काठका भाँडाको बजार खुम्चिएको बताउँछन् । कच्चा पदार्थको अभाव र नयाँ पुस्ताको घट्दो आकर्षणले पनि यो पेसाको निरन्तरता कठिन बनेको उनको भनाइ छ । आफूले जानेको सिप नयाँ पुस्ताले पनि सिकून् र यसैबाट जीविकोपार्जन गर्न सकून् भन्ने चाहना चुनारको छ। तर बजारको सुनिश्चितता, कच्चा पदार्थको सहज उपलब्धता र उचित आम्दानीको वातावरण नबनेसम्म परम्परागत सिपलाई व्यावसायिक रूपमा जोगाउन कठिन देखिन्छ ।

व्यक्ति एउटै भएको सूचना





तनहुँ जिल्ला सावित्र मनपाङ्ग गा.वि.स. वडा नं. ३ हाल म्याग्दे गाउँपालिका वडा नं. ६ बस्ने भारतीय सैनिक नं. ५७५७२८९N, दर्जा नायक, पल्टन ८ जि.आर. का **राज कुमार थापा**ले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर **सोम बहादुर सार्की** भन्ने **राज कुमार थापा,** जन्म मिति २०३८/१०/२१ उल्लेख भएको र निजको सैनिक अभिलेखमा नाम थर **राज कुमार थापा,** जन्म मिति सन् ०३/०२/१९८२ लेखिन गई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस गरिन्छ ।

साथै, निजको श्रीमतीको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर **जिता थापा**, जन्म मिति वि.सं. २०३७/०२/२७ उल्लेख भएको र निजको सैनिक अभिलेखमा श्रीमतीको नाम थर **जिता माया थापा**, जन्म मिति सन् २००१ मा २० वर्ष लेखिन गई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस गरिन्छ ।

जिल्ला प्रशासन कार्यालय, तनहुँ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

कात्तिक २१ गते शनिबार

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरू :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरू :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरू :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



सडक पेटीमा तरकारीको व्यापार : तनहुँको दमौलीस्थित ट्राफिकचोकमा तरकारी तथा फलफूल खरिदबिक्री गरिदै । व्यास नगरपालिकाले सडक व्यापारलाई व्यवस्थित बनाउन नसक्दा सडकपेटीमै व्यापारीहरूले फलफूल, तरकारी लगायतका सामाग्रि बिक्रीका लागि लिएर बस्दा पैदाल यात्रीलाई हिड्डुलमा समस्या हुनुका साथै बजार क्षेत्र अव्यस्थित देखिने गरेको छ । *तस्विर : भञ्ज्याङ*

व्यासले बेनीकोटमा कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना सञ्चालन गर्ने

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाले वडा नं. १३ स्थित बेनीकोटमा कृषि तथा पर्यटन प्रवर्द्धनमार्फत उद्यमशीलतायुक्त सांस्कृतिक गाउँ विकास गर्ने परियोजना सञ्चालन गर्ने भएको छ । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत एक करोड ५० लाख रूपैयाँको लागतमा परियोजना सञ्चालन गर्न लागिएको हो ।

नगर प्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा बुधबार सम्पन्न नगर कार्यपालिकाको २४९औँ नियमित बैठकले परियोजना कार्यान्वयन प्रक्रिया अघि बढाउन सम्बन्धित वडा र कार्यालयलाई निर्देशन दिएको छ । परियोजनाका लागि प्रदेश सरकारको एक करोड १२ लाख ५० हजार र नगरपालिकाको ३७ लाख ५० हजार रूपैयाँ लागत साझेदारी रहनेछ ।

बैठकले नगरपालिकाका युवा उद्यमी तथा महिला उद्यमीलाई लक्षित गरी नवप्रवर्तनकारी उद्यमशीलता विकास कार्यक्रम (स्टार्टअप कार्यक्रम) सञ्चालन गर्ने प्रक्रिया अघि बढाउने निर्णयसमेत गरेको छ । स्थानीयस्तरमा नयाँ सोच, सीप र प्रविधिमा आधारित उद्यम विकास गरी युवालाई स्वरोजगार तथा महिलालाई आर्थिक गतिविधिमा थप सक्रिय बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

नगरपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ को प्रथम त्रैमासिक समीक्षा बैठकमा प्रस्तुत शाखागत प्रगति प्रतिवेदनमाथि छलफल गरी समीक्षा गरिएको छ । यस्तै, आर्थिक वर्ष २०८२/०८३ देखि २०८६/०८७ सम्मका लागि तयार गरिएको नगरपालिकाको आवधिक योजनाको विज्ञद्वारा प्रस्तुत अन्तिम प्रतिवेदन संशोधनसहित पारित गर्ने निर्णय बैठकले गरेको छ ।

नगरपालिकाको विद्यमान कार्यपालिकाको पाँचवर्षे कार्यकालको अन्तिम वर्ष चालु आर्थिक वर्ष भएकाले हालसम्म सम्पादन भएका कामको प्रभावकारिता मूल्याङ्कन गर्न सेवाग्राही सन्तुष्टि सर्वेक्षण र व्यवस्थापन परीक्षण गराउने निर्णय पनि गरिएको छ । यसबाट नगरपालिकाको सेवा प्रवाह, प्रशासनिक व्यवस्थापन तथा कार्यसम्पादनको अवस्था मूल्याङ्कन गरी आगामी कार्यदिशा तय गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

बैठकले नगर क्षेत्रभित्रका नदी तथा खोलाबाट ढुंगा, गिट्टी र बालुवा उत्खननसम्बन्धी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन संशोधनसहित पारित गरेको छ । सेती नदीतर्फ व्यास-१३ को निउरोघारीदेखि व्यास-१४ को खहरे ढाँडखोलासम्म तथा मादी नदीतर्फ व्यास-५ को चापाघाटदेखि व्यास-७ को कलेस्तीसम्म र कलेस्ती दोभानदेखि व्यास-६ को विलमादे खोला दोभानसम्मको क्षेत्र समेटेर अध्ययन गरिएको हो ।

पारित प्रतिवेदनका आधारमा स्थलगत प्राविधिक प्रतिवेदन तयार गरी चालु आर्थिक वर्षका लागि ढुंगा, गिट्टी र बालुवा उत्खनन तथा संकलनको टेन्डर प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिइएको नगरपालिकाले जनाएको छ ।

त्यसैगरी, कुहिने फोहोरबाहेकका फोहोर संकलन, वर्गीकरण, बिक्री तथा व्यवस्थापनसम्बन्धी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन पनि संशोधनसहित पारित गरिएको छ। फोहोरको वर्गीकरण र व्यवस्थापनलाई व्यवस्थित बनाउँदै पुनः प्रयोग तथा बिक्रीयोग्य फोहोरको उचित व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाउन यसले आधार तयार गर्नेछ ।

नगरपालिकाले चालु आर्थिक वर्षको प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम मंसिर १८ गते शुक्रबार व्यास-३ दमौलीमा आयोजना गर्ने निर्णय गरेको छ । नगरपालिकाबाट प्रवाह हुने सेवा, विकास निर्माण तथा कार्यक्रम कार्यान्वयनका विषयमा नागरिकका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ गर्न लागिएको हो ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच र जग्गाधनी प्रमाणपुर्जा वितरण प्रक्रिया अघि बढाउन पनि बैठकले पहल गर्ने निर्णय गरेको छ । व्यास नगरपालिकाका वडा नं. ९ देखि १४ सम्म नापी कार्य सम्पन्न भए पनि त्यसपछि नापी प्रक्रिया अघि बढ्न नसकेको भन्दै बाँकी नापी कार्य सुचारू गर्न तथा नापी सम्पन्न भएका वडामा जग्गाधनी प्रमाणपुर्जा वितरण प्रक्रिया अघि बढाउन तनहुँ भूमि समस्या समाधान समितिलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

हालैको वर्षाका कारण नगरपालिकाका विभिन्न वडामा भएको क्षतिको विवरण सम्बन्धित वडा समिति र प्राविधिकको प्रतिवेदनका आधारमा यकिन गरी प्रभावितलाई राहत सुविधा उपलब्ध गराउने निर्णय पनि बैठकले गरेको छ । यसबाट वर्षाका कारण क्षति बेहोरेका परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउने बाटो खुलेको छ ।

यसैबीच, व्यास नगरपालिकाले आयोजना गरेको प्रथम नगर प्रमुख अन्तरवडा फुटबल प्रतियोगितामा सबै वडाबाट खेलाडी तथा सञ्चारकर्मीको उत्साहजनक सहभागिता भएको भन्दै बैठकले प्रतियोगिता व्यवस्थापनमा सहयोग गर्ने र सहभागी हुने सबैलाई धन्यवाद ज्ञापन गरेको छ ।

यस्तै, बैठकमा नगरपालिकाका शिक्षक तथा कर्मचारीबाट भोटेकोशी बाढीपीडितको सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ४२ लाख ४८ हजार ५३६ रूपैयाँ ४६ पैसा जम्मा भएको जानकारी गराइएको थियो । विद्यालयमार्फत उक्त रकम दाखिला गर्ने शिक्षक, कर्मचारी तथा विद्यालयलाई बैठकले धन्यवाद दिएको छ ।

बैठकले व्यास नगरपालिका-११ निवासी नगरपालिकाका पूर्वकर्मचारी मोहनकाजी लोहनीको निधनप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्ने निर्णयसमेत गरेको छ । बैठकमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सबै वडाध्यक्ष, कार्यपालिका सदस्य तथा सम्बन्धित शाखा र उपशाखाका प्रमुखहरूको सहभागिता रहेको थियो।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८५६०६०३७६
मा सम्पर्क गर्नुहोला ।
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376

facebook twitter

Vijay Kumar Panday
x.com/Vijaykumarko

अमेरिकी संसद र सेनेटमा भएको मध्यावधि निर्वाचनको नतिजाले लहडी राष्ट्रपति ट्रम्पलाई नराम्रो झट्का लागेको छ । अमेरिकी जनताले मतपत्र प्रहार गरेर, उनका कैयौँ 'राजनैतिक शक्तिका दाँत' फुकालिदिएका छन् । राजनीतिमा दाँत गुमाएपछि, जिब्रो चलाएर मात्रै हुँदैन । संसदको बहुमतको साथ नभएको सरकार प्रमुखको पद त कायमै रहला, तर अब लहड र रहरले मात्रै सरकार चल्दैन ।

Sanjeev
x.com/sanpokh

प्रहरी प्रमुख सरकारले विश्वास गरेको मानिस नै हुनुपर्छ । सरकारले पदबाट हटाउनासाथ दौडेर अदालत जाने प्रहरीका आइजिपी गतिला मानिस हुन् जस्तो मलाई लाग्दैन । तिनीहरूमा आत्मसम्मान हुँदैन, पदलोलुपतामात्र हुन्छ । सरकारले आइजिपी फेर्न पाउनुपर्छ ।

तर, मलाई लाग्छ नेपालको अहिलेको मुख्य विषय त्यो होइन ।

चिन्ताको विषय के हो भने प्रहरी प्रमुखभन्दा अयोग्य र अपारदर्शी उनलाई नेतृत्व गर्ने सरकारका मानिसहरु देखिएका छन् । केही समययता सरकारले संवेदनशील मुद्दाहरूमा जसरी अपारदर्शी हस्तक्षेप गरिरहेको छ र प्रहरी संगठनलाई जसरी गिजोलेको छ त्यसले आइजिपी फेरबदलबाट सरकारको काम गराइमा सुधार हुने देखाउँदैन ।

खुदीमा ठुली एकादशी मेला, खेलकुददेखि कृषि प्रदर्शनीसम्म

भञ्ज्याङ समाचारदाता/लमजुङ

लमजुङको मर्स्याङ्दी गाउँपालिका-३, खुदीमा हरिबोधिनी ठुली एकादशी मेलाको तयारी तीव्र पारिएको छ । मंसिर ४ देखि ९ गतेसम्म सञ्चालन हुने मेलामा खेलकुद प्रतियोगिता, सांस्कृतिक प्रस्तुति, धार्मिक अनुष्ठान, स्वास्थ्य शिविर तथा कृषि प्रदर्शनीका कार्यक्रम समेटिएका छन् ।

'विविधतामा एकता हाम्रो पहिचान, इतिहास, धर्म संस्कृतिको संरक्षण हाम्रो अभियान' भन्ने नारासहित खुदी युथ क्लबको संयोजनमा मेला आयोजना हुन लागेको हो ।

मेलाको पहिलो दिन फूलको डोली (तोरन) तार्ने, भजनकीर्तन, सांस्कृतिक साँझ र उद्घाटन समारोह हुनेछ । सांस्कृतिक कार्यक्रममा राष्ट्रिय कलाकार अर्जुन सापकोटा र स्थानीय कलाकार प्रशान्त तामाङलगायतले प्रस्तुति दिने क्लबले जनाएको छ ।

मेलाको मुख्य आकर्षणका रूपमा खुला पुरूष फुटबल, वडास्तरीय क्लब पुरूष भलिबल, खुला छेलो र महिला कुर्सी दौड प्रतियोगिता सञ्चालन गरिनेछ । फुटबल प्रतियोगिताको विजेताले एक लाख र उपविजेताले ६० हजार रूपैयाँ पुरस्कार पाउनेछन् । सर्वोत्कृष्ट खेलाडीलाई दुई हजार पाँच सय तथा सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई जनही दुई हजार रूपैयाँ प्रदान गरिने क्लबका अध्यक्ष विशाल रावलले जानकारी दिए ।

त्यस्तै, भलिबल प्रतियोगिताको विजेता र उपविजेताले क्रमशः ३० हजार र २० हजार रूपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीलाई एक हजार पाँच सय तथा उत्कृष्ट सेटर र स्पाइकरलाई जनही एक हजार रूपैयाँ पुरस्कार राखिएको छ। खुला छेलो प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमशः पाँच हजार, तीन हजार र दुई हजार रूपैयाँ



पाउनेछन् । सबै प्रतियोगिताका विजेतालाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

मेलाकै अवसरमा मंसिर ५ गते खुदी स्वास्थ्य चौकीको समन्वयमा निःशुल्क मिर्गौला परीक्षण शिविर सञ्चालन हुनेछ। कृषि उत्पादनको प्रदर्शनीसँगै खरिदबिक्रीको व्यवस्था पनि मिलाइएको आयोजकले जनाएको छ ।

मेलाबाट बचत भएको रकम तथा क्लबको आर्थिक स्रोत सामाजिक हित, स्थानीय संस्कृति संरक्षण र सिर्जनात्मक कार्यक्रम सञ्चालनमा खर्च गरिनेछ । मर्स्याङ्दी गाउँपालिकाको मुख्य प्रायोजन र वडा नं. ३ को सहप्रायोजनमा आयोजना हुने मेलाले स्थानीय कला, संस्कृति र खेलकुदको प्रवर्धनसँगै धार्मिक पर्यटन तथा सामुदायिक सद्भाव बढाउने अपेक्षा गरिएको गाउँपालिका अध्यक्ष अर्जुन गुरूङले बताए ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४